# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## संक्षिप्त वार्षिक आर्थिक विवरण : २०८२/८३

नोटः प्रस्तुत विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो

शेयरधनी महानुभावहरू,

यस फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको सत्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ लघु वित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/८३ को नेपाल राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थालाई जारी गरेको निर्देशन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको तयार गरिएको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाव, अन्य समष्टिगत आय विवरण, नगद प्रवाह विवरण, पुँजीकोषमा भएको परिवर्तन लगायत लघुवित्त वित्तीय संस्थाको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ ।

**क. समीक्षा आर्थिक वर्षको कारोबारको सिंहावलोकन :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गतेबाट विधिवत् रुपमा कार्य शुभारम्भ गरेको यहाँहरूलाई अवगत नै छ । यस लघुवित्त वित्तीय संस्थाको २०८३ अषाढ मसान्तमा विभिन्न ८० वटा ऋणी संस्थाहरू मार्फत रु. ४८४ करोड थोक कर्जा लगानीमा रहेको छ । यस लघु वित्त वित्तीय संस्थाले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक वर्ष २०८२/८३ मा २१ **करोड ४७ लाख २५ हजार ९ सय ७३ रुपैया** खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

विश्व अर्थतन्त्रमा देखिएका उतारढाव, भूराजनीतिक तनाव, अन्तर्राष्ट्रिय बजारमा वस्तु तथा सेवाको मुल्यमा आएको परिवर्तन र विश्वव्यापी आर्थिक अनिश्चितताको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा समेत परेको छ । नेपालको आर्थिक गतिविधिमा क्रमिक सुधारका संकेत देखिए तापनि निजी क्षेत्रको लगानी, आन्तरिक माग तथा कर्जाको विस्तार अपेक्षाकृत कमजोर रहँदा वित्तीय प्रणालीमा पर्याप्त तरलता उपलब्ध हुँदाहुँदै पनि लगानी योग्य कर्जाको माग र प्रवाहमा अपेक्षित वृद्धि हुन सकेको छैन। नेपाल राष्ट्र बैंकका पछिल्लो तथ्याङ्कले समेत बैंक तथा वित्तीय संस्थामा तरलताको सहज अवस्था कायम रहे पनि बैंक तथा वित्तीय सस्थाको कर्जा विस्तारमा अपेक्षित गति आउन नसकेको देखाउँछ ।

लघुवित्त तथा सहकारी क्षेत्रमा विगत केही वर्षदेखि देखिएका संरचनागत समस्या, केही सहकारी संस्थामा भएको वित्तीय अनियमितता, सदस्य तथा ऋणीको बचत फिर्ता र कर्जा भुक्तानीमा देखिएका कठिनाइ, लघुवित्त तथा सहकारी क्षेत्रप्रति जनस्तरमा बढेको नकारात्मक धारणाले समग्र लघुवित्त व्यवसायको वातावरण प्रभावित भएको छ । यसका अतिरिक्त, बैंक तथा वित्तीय संस्था, लघुवित्त र सहकारी संस्थाविरुद्ध विभिन्न समूह तथा संघर्ष समितिका नाममा भएका गतिविधिले कतिपय ऋणीहरूमा कर्जा भुक्तानीमा अनियमितता बढाउनुका साथै कर्जा असुली, वित्तीय अनुशासन र नयाँ कर्जा लगानीको वातावरणमा समेत प्रतिकूल प्रभाव पारेको छ । फलस्वरूप लघुवित्त वित्तीय संस्थाहरूको कर्जा असुलीमा बढ्दो दबाब, कर्जा गुणस्तरमा ह्रास तथा लगानीका अवसरमा संकुचनजस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ ।

नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्व, वित्तीय अनुशासन, ग्राहक संरक्षण तथा लघुवित्त क्षेत्रको दिगो विकासलाई प्राथमिकतामा राख्दै नियामकीय व्यवस्थाहरूलाई निरन्तर परिमार्जन र सुदृढ गर्दै आएको छ । कर्जा सूचना केन्द्रमार्फत ऋणीको कर्जा विवरण परीक्षण गर्ने व्यवस्था, दुईभन्दा बढी लघुवित्त संस्थाबाट कर्जा लिने प्रवृत्तिलाई व्यवस्थित गर्ने प्रावधान तथा ऋणीको कर्जा वहन क्षमता र भुक्तानी योग्यताको मुल्याङ्कनमा

जोड दिइएको छ । यसले सदस्यताको दोहोरोपना नियन्त्रण, बहुकर्जा जोखिम न्यूनीकरण तथा जिम्मेवार कर्जा लगानीलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ ।

विगत ५ आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू यस प्रकार रहेको छ ।

रकम रु. करोडमा

| आर्थिक बर्ष | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|
| कर्जा तथा सापट (खुद) | १,०३९ | ७६५ | ७४१ | ६०५ | ४७० |
| तरल सम्पत्ति तथा लगानी | ४९ | १४१ | ११८ | ५७ | ९१ |
| स्थीर तथा अन्य सम्पत्ति | ७ | ७ | १० | १२ | १४ |
| **कुल सम्पत्ति** | १,०९६ | ९१३ | ८६९ | ६७४ | **५७४** |
| शेयर पूँजी | ९६ | ११५ | १२३ | १३५ | १३५ |
| संचित मुनाफा तथा जगेडा कोष | ४३ | ४४ | ४१ | ४० | ५१ |
| तिर्न वाँकी सापट | ९४६ | ७४७ | ६९७ | ४९१ | ३७६ |
| अन्य दायित्वहरु | १० | ८ | ८ | ८ | १२ |
| **कुल दायित्व तथा पूँजी** | १,०९६ | ९१३ | ८६९ | ६७४ | **५७४** |
| खुद व्याज आम्दानी | ४३ | ४३ | ३१ | २१ | २३ |
| संचालन मुनाफा | ३७ | २९ | २१ | १६ | ३१ |
| **खुद मुनाफा** | **२६** | **२०** | **१४** | **११** | **२१** |
| प्रति शेयर आम्दानी | २६.६५ | १७.२६ | ११.४० | ८.१७ | १५.९७ |
| पूँजी कोष (प्रतिशतमा) | १३.९३% | २०.२०% | २०.९२% | २५.५९% | ३५.३३% |
| निष्कृय कर्जा (प्रतिशतमा) | ०.००% | ०.६६% | ३.१६% | ३.८४% | २.८८% |

**ख) <u>प्रतिवेदनको समीक्षा र आर्थिक वर्षको उपलब्धी</u>**

यस लघुवित्त वित्तीय संस्थाले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा रु. २४५.५५ करोड नयाँ कर्जा स्वीकृत गरी रु. २३२.१० करोड थोक लघुवित्त कर्जा प्रवाह गरेको थियो र सोही आर्थिक वर्षमा रु. ३६८.४१ करोड साँवा असुली भएको छ । समीक्षा आर्थिक वर्ष २०८२/८३ मा रु. १०९.६० करोड नयाँ कर्जा स्वीकृत गरि रु १०३.७० करोड कर्जा प्रवाह भएको छ र समीक्षा आर्थिक बर्षमा रु २५५.३६ करोड कर्जाको साँवा असुली भएको छ । अघिल्लो आर्थिक बर्षको अन्त्यमा ३.८४ प्रतिशत निष्कृय कर्जा रहेकामा समीक्षा आर्थिक बर्षको अन्तमा २.८८ प्रतिशत झरेको छ । समीक्षा आर्थिक बर्षको अन्त्यमा यस संस्थाको खुद निष्कृय कर्जा 'शुन्य' रहेको छ । थोक लघुकर्जा सम्बन्धी जोखिम न्यूनिकरण गर्ने कार्यमा यस लघुवित्त वित्तीय संस्था सदैव आवधिक समीक्षाका साथ सचेत रहँदै आइरहेको छ ।

यसका अतिरिक्त साझेदार संस्थाको आवधिक रुपमा जोखिम स्तर निर्धारण गरी सोका आधारमा स्थलगत अनुगमन गर्ने र आवश्यक परेमा उच्च जोखिमयुक्त साझेदार संस्थाहरुवाट कर्जा असुली गर्ने लगायतका

सुधारका प्रयासहरु अवलम्वन गरिएको छ । सङ्कुचित आर्थिक क्रियाकलाप, लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धाले व्यवसाय विस्तारमा पारेको प्रभाव आदि अप्ठ्याराहरुका बावजूद कार्यक्षेत्र तथा कारोवारको दायरा फराकिलो पार्न, उपलब्ध वित्तीय स्रोतहरुको अधिकतम उपयोग गरी प्रभावकारी कार्य सम्पादन गर्न र निष्कृय कर्जा न्यून राख्न लघु वित्त वित्तीय संस्था प्रयासरत रहेको छ ।

यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाको सम्पतिको रूपमा ग्रहण गरिएको छ र समीक्षा अवधिमा कर्मचारीहरूलाई समयानुकूल प्रतिस्पर्धी बनाउन तथा ज्ञान र शीपको ताजकीकरण गर्न विभिन्न विषयमा तालिम तथा गोष्ठीहरुमा सहभागि गराइनुका साथै आगामी आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता तथा दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको तालिम, गोष्ठीमा अनलाइन तथा अवस्थाको मूल्यांङ्कन गरी प्रत्यक्ष सहभागी गराउने योजनालाई निरन्तरता दिइने छ ।

**ग) <u>आगामी योजना सम्बन्धमा सञ्चालक समितिको धारणा</u> :**

यस लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्षमा नियन्त्रित रुपमा थोक लघुकर्जा विस्तार गर्ने, साझेदार लघुवित्त वित्तीय संस्थाहरुमा नै प्राथमिकतामा साथ कार्य विस्तार गर्ने, कर्जा जोखिम न्यूनीकरणका रणनीतिलाई अझ सशक्त रुपमा लागु गर्ने, कर्जा अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन साझेदार लघुवित्त संस्थाहरुको नियमित सुपरिवेक्षण गर्ने, कार्यरत जनशक्तिको दक्षता विकास गर्ने, साझेदार संस्थाहरुको क्षमता अभिवृद्वि गर्न आवश्यक गतिविधिहरु सञ्चालन गर्ने, वर्तमानमा भए गरेका सकारात्मक तथा सृजनात्मक कार्यलाई निरन्तरता दिने आदि रणनीतिहरु अवलम्बन गरेको छ ।

संस्थाले नेपाल राष्ट्र बैंकवाट खुद्रा लघुवित्त कारोवार गर्ने ईजाजतपत्र प्राप्त गरेको काभ्रेपलान्चोक जिल्ला साँगा केन्द्रिय कार्यालय रहि नेपालभर ७७ वटा शाखा कार्यालय मार्फत सेवा प्रदान गरिरहेको श्री महिला लघुवित्त वित्तीय संस्था र यस संस्था गाभ्ने/गाभिने सम्वन्धमा समझदारी पत्रमा हस्ताक्षर गरि गाभ्ने/गाभिने तथा प्राप्ती कार्य सम्वन्धी प्रक्रिया अघि बढेको जानकारी गराउदछौ तथा आगामी दिनमा संस्थाले थोक कर्जा कारोवारको साथसाथै खुद्रा कर्जा कारोवार समेत गर्ने योजना रहेको जानकारी गराउदछौ ।

**<u>घ) समिक्षा तथा गत आर्थिक वर्षहरुको संक्षिप्त वित्तीय विवरणहरुः</u>**

तल उल्लेखित वित्तीय विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको हो ।

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

वित्तीय अवस्थाको विवरण (वासलात)

२०८३ साल आषाढ मसान्तको

रकम रु

| | अनुसुची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ८८८,१९६,०२७ | ५३७,०१४,०९६ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १८,३१८,४७५ | २८,३१८,४७५ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | - | - |
| व्यूत्पन्न वित्तीय उपकरण सम्पत्ति | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | - | - |
| लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा तथा सापट | ४.६ | ४,६९५,१९८,२७५ | ६,०५५,९९७,२३५ |
| ग्राहकलाई कर्जा तथा सापट (कर्मचारीहरु) | ४.७ | २८,९१५,२७३ | २८,१८७,४८५ |
| धितोपत्रमा लगानी | ४.८ | १६,३४१,८०० | १,१९५,६०० |
| चालु आयकर सम्पत्ति | ४.९ | - | ४,१५७,९४३ |
| सम्पत्तिमा लगानी | ४.१० | - | - |
| सम्पत्ति तथा उपकरण | ४.११ | ३,७५५,३०० | ५,६७८,६५६ |
| ख्याती र अमुर्त सम्पत्ति | ४.१२ | - | - |
| स्थगन कर सम्पत्ति | ४.१३ | १०,९०४,११९ | ५,६०९,७९० |
| अन्य सम्पत्ति | ४.१४ | ७८,८६५,४६२ | ६९,६९३,२६६ |
| **कुल सम्पत्ति** | | **५,७४०,४९४,७३१** | **६,७३५,८५२,५४६** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न वाँकी | ४.१५ | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी | ४.१६ | - | - |
| यूत्पन्न वित्तीय उपकरण दायित्व | ४.१७ | - | - |
| ग्राहकबाट निक्षेप | ४.१८ | - | - |
| तिर्न वाँकी सापट | ४.१९ | ३,७६०,४२६,९३३ | ४,९०९,६८१,१७२ |
| चालु आयकर दायित्व | ४.९ | १०,६०२,५३३ | - |
| व्यवस्थाहरु | ४.२० | - | - |
| स्थगन कर दायित्व | ४.१३ | - | - |
| अन्य दायित्व | ४.२१ | १११,३३४,७४६ | ८३,५७४,५३८ |
| निष्काशन गरिएका ऋणपत्र | ४.२२ | - | - |
| सहायक आवधिक दायित्व | ४.२३ | - | - |
| **कुल दायित्व** | | **३,८८२,३६४,२१२** | **४,९९३,२५५,७१०** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.२४ | १,३४४,८७१,३२३ | १,३४४,८७१,३२३ |
| शेयर प्रिमियम | | - | - |
| संचित मुनाफा | | १५४,६८२,८४२ | ९०,३४०,०२० |
| जगेडा तथा कोषहरु | ४.२५ | ३५८,५७६,३५४ | ३०७,३८५,४९३ |
| **कुल पूँजी** | | **१,८५८,१३०,५१९** | **१,७४२,५९६,८३६** |
| **कुल दायित्व तथा पूँजी** | | **५,७४०,४९४,७३१** | **६,७३५,८५२,५४६** |
| संम्भावित दायित्व तथा प्रतिवद्दता | ४.२६ | - | - |
| प्रति शेयर खुद सम्पत्ति | | **१३८.१६** | **१२९.५७** |

**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड**

नाफा वा नोक्सान विवरण

श्रावण १, २०८२ देखि ३२ आषाढ २०८३ सम्म

रकम रु

| | अनुसुची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| व्याज आम्दानी | ४.२७ | ४०९,७३१,०१० | ५५०,४७३,३५२ |
| व्याज खर्च | ४.२८ | (१७८,३२२,५२७) | (३३८,७९२,११३) |
| **खुद व्याज आम्दानी** | | **२३१,४०८,४८३** | **२११,६८१,२३९** |
| शुल्क तथा कमिशन आम्दानी | ४.२९ | ४,२५४,४०९ | ६,३७३,४६७ |
| शुल्क तथा कमिशन खर्च | ४.३० | (१,३३०,०००) | (१,२३६,०००) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | **२,९२४,४०९** | **५,१३७,४६७** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | **२३४,३३२,८९२** | **२१६,८१८,७०६** |
| खुद व्यापारिक आम्दानी | ४.३१ | - | - |
| अन्य संचालन आम्दानी | ४.३२ | - | - |
| **कुल संचालन आम्दानी** | | **२३४,३३२,८९२** | **२१६,८१८,७०६** |
| कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको (व्यवस्था)/फिर्ता | ४.३३ | १५६,८४४,१९९ | ९,४३५,८३८ |
| **खुद संचालन आम्दानी** | | **३९१,१७७,०९१** | **२२६,२५४,५४४** |
| **संचालन खर्च** | | **(८२,०९८,१७९)** | **(६८,६३८,६८४)** |
| कर्मचारी खर्च | ४.३४ | (६६,७४६,३९१) | (४९,८५७,२२८) |
| अन्य संचालन खर्च | ४.३५ | (१३,४२८,४३२) | (१६,७४७,६४६) |
| मुल्यह्रास र परिषोधन | ४.३६ | (१,९२३,३५६) | (२,०३३,८१०) |
| **संचालन मुनाफा** | | **३०९,०७८,९१२** | **१५७,६१५,८६०** |
| गैर संचालन आम्दानी | ४.३७ | - | - |
| गैर संचालन खर्च | ४.३८ | - | - |
| **आयकर अघिको मुनाफा** | | **३०९,०७८,९१२** | **१५७,६१५,८६०** |
| आयकर खर्च/(आम्दानी) | ४.३९ | - | - |
| चालु आयकर | | (९४,५५१,११३) | (४९,५४४,७६६) |
| स्थगन कर | | १९८,१७४ | १,७७५,३७१ |
| **यस वर्षको मुनाफा** | | **२१४,७२५,९७३** | **१०९,८४६,४६५** |
| **नाफा वाँडफाँड** | | - | - |
| लघुवित्त वित्तीय संस्थाको शेयरधनी | | २१४,७२५,९७३ | १०९,८४६,४६५ |
| **यस वर्षको मुनाफा** | | **२१४,७२५,९७३** | **१०९,८४६,४६५** |
| प्रति शेयर आम्दानी | | १५.९७ | ८.१७ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | १५.९७ | ८.१७ |

**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड**

अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०८२ देखि ३२ आषाढ २०८३ सम्म

रकम रु

| | अनुसुची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| **यस वर्षको मुनाफा** | | **२१४,७२५,९७३** | **१०९,८४६,४६५** |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण गर्न नसकिने वुँदाहरु** | | | |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | (१६,९५३,८००) | (११०,०००) |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | १४६,११७ | (१,०४५,९२९) |
| परिभाषित लाभ योजना सम्पत्ती बाट विमाङ्किक नाफा/(नोक्सान) | | (१७९,५०२) | (३७,२६८) |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | ५,०९६,१५६ | ३५७,९५९ |
| **नाफा/(नोक्सान) मा पुर्नः वर्गीकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/(नोक्सान)मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरु** | | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| नाफा/(नोक्सान) मा वर्गीकरण गरिएका | | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | | **२०२,८३४,९४४** | **१०९,०११,२२७** |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | **२०२,८३४,९४४** | **१०९,०११,२२७** |

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

### नगद प्रवाह विवरण

### श्रावण १, २०८२ देखि ३२ आषाढ २०८३ सम्म

रकम रु

| | यस बर्ष | गत बर्ष |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| व्याज प्राप्ती | ४०४,९५८,३०० | ५५९,४१७,५१३ |
| शुल्क तथा अन्य आम्दानी प्राप्ती | ४,२४६,४०९ | ६,३७३,४६७ |
| लाभांश प्राप्ती | – | – |
| अन्य संचालन गतिविधिबाट प्राप्ती | – | – |
| व्याज भुक्तानी | (१७९,३७९,८१३) | (३४०,९८२,७००) |
| कमिशन तथा शुल्क भुक्तानी | (१,३३०,०००) | (१,२३६,०००) |
| कर्मचारीलाई भुक्तानी | (४५,५८२,४७८) | (५३,६६९,६९१) |
| अन्य खर्च भुक्तानी | (१४,२२५,१०७) | (१७,१५८,४६८) |
| **संचालन सम्पत्ति/दायित्वमा परिवर्तन अघिको नगद प्रवाह** | **१६८,६८७,३११** | **१५२,७४४,१२१** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी/(वृद्धि) | – | – |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा कमी/(वृद्धि) | – | – |
| अन्य व्यापारिक सम्पत्तिमा कमी/(वृद्धि) | – | – |
| लघुवित्त तथा सहकारी संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा कमी/(वृद्धि) | १,५१६,६८५,६७१ | १,३६३,१०४,७७२ |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा कमी/(वृद्धि) | (७२७,७८८) | (५,२५७,४५८) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (७,२१६,९०८) | (१२,७१३,७३९) |
| **संचालन दायित्वमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न वाँकी रकममा (कमी)/वृद्धि | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी रकममा (कमी)/वृद्धि | – | – |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | – | – |
| तिर्न वाँकी सापटमा (कमी)/वृद्धि | (१,१४९,२५४,२३९) | (२,०५८,८५९,५८५) |
| अन्य दायित्वमा (कमी)/वृद्धि | १६,३४९,७२४ | ८,१७३,९३५ |
| **आयकर अघिको संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **५४४,५२३,७७१** | **(५५२,८०७,९५४)** |
| आयकर भुक्तानी | (८३,९४८,५७९) | (५१,७५८,५७२) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **४६०,५७५,१९२** | **(६०४,५६६,५२६)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी उपकरणको खरिद | (३२,१००,०००) | – |
| लगानी उपकरणको विक्रि | – | – |
| बैंक तथा वित्तीय संस्थामा राखिएको लगानीमा बृद्धि/कमी | – | – |
| स्थिर सम्पत्तिको खरिद/बिक्री | ८,००० | (९६०,८९०) |
| अमूर्त सम्पत्तिको खरिद | – | – |
| अमूर्त सम्पत्तिको विक्री | – | – |
| लगानी सम्पत्तिको खरिद | – | – |
| लगानी सम्पत्तिको विक्रि | – | – |
| व्याज प्राप्ती | ११५,३७५ | १९९,३६२ |
| लाभांश प्राप्ती | – | – |
| **लगानी गतिविधिमा प्रयोग भएको खुद नगद** | **(३१,९७६,६२५)** | **(७६१,५२८)** |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | – | – |
| ऋणपत्र निष्काशनबाट प्राप्त | – | – |
| ऋणपत्रको भुक्तानी | – | – |
| आवद्यिक दायित्वको निष्काशनबाट प्राप्त | – | – |
| आवद्यिक दायित्वको भुक्तान | – | – |
| शेयर निष्काशनबाट प्राप्त | – | – |
| लाभांश भुक्तानी | (८७,४१६,६३६) | (५,८४४,४४१) |
| ब्याज भुक्तानी | – | – |
| अन्य प्राप्ति/भुक्तानी | – | – |
| **वित्तीय गतिविधिबाट नगद** | **(८७,४१६,६३६)** | **(५,८४४,४४१)** |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | ३४१,१८१,९३१ | (६११,१७२,४९५) |
| वर्षको शुरुमा रहेको नगद तथा नगद समान | ५६५,३३२,५७१ | १,१७६,५०५,०६६ |
| नगद तथा नगद समानमा विनिमय दरको उतारचढावको असर | – | – |
| वर्ष अन्तमा रहेको नगद तथा नगद समान | **९०६,५१४,५०२** | **५६५,३३२,५७१** |

**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड**

**इक्विटीमा भएका परिवर्तनको विवरण**

**श्रावण १, २०८२ देखि ३२ आषाढ २०८३ सम्म**

रकम रु.

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मुल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ सालको मौज्दात** | १,२३३,८२६,९०२ | २६६,७६३,८५८ | - | ४,९८३,०२४ | - | (४८६,०८०) | - | १२०,९२१,९५० | ५,९८०,३०६ | ६,६३४,९७० | ६०५,७५८ | १,६३९,२३०,६८८ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | - | - | - | - | - | - | - | ९७५,२८८ | - | - | (९७५,२८८) | - |
| **समायोजन पछिको मौज्दात** | १,२३३,८२६,९०२ | २६६,७६३,८५८ | - | ४,९८३,०२४ | - | (४८६,०८०) | - | १२०,९२१,९५० | ५,९८०,३०६ | ६,६३४,९७० | ६०५,७५८ | १,६३९,२३०,६८८ |
| **यस वर्षको मुनाफा** | - | - | - | - | - | - | - | १०९,८४६,४६५ | - | - | - | १०९,८४६,४६५ |
| यस वर्षको विस्तृत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - | - | - | - | (७७,०००) | - | - | - | - | - | (७७,०००) |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भए | - | - | - | - | - | - | - | - | - | - | - | - |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/ (नोक्सान | - | - | - | - | - | - | - | - | - | - | (७५८,२३८) | (७५८,२३८) |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद प्रवाहका हेजङ्गबाट भएका नाफा/(नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी वितिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको | - | - | - | - | - | (७७,०००) | - | १०९,८४६,४६५ | - | - | (७५८,२३८) | १०९,०११,२२७ |
| यस वर्षको विस्तृत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| यस वर्ष कोषमा सारिएको रकम | - | - | - | - | - | - | - | - | - | - | - | - |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर निष्कासन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानीहरु | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **शेयरधनीलाई लाभांश** | १११,०४४,४२१ | - | - | - | - | - | - | (१११,०४४,४२१) | - | - | - | - |
| बोनस शेयर | - | - | - | - | - | - | - | (५,८४४,४४१) | - | - | - | (५,८४४,४४१) |
| नगद लाभांश | - | २१,९६९,२९३ | - | - | - | - | - | (२१,९६९,२९३) | - | - | - | - |
| साधारण जगेडा कोषमा रकमान्तर | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | - | - | - | - | - | - | - | २,६६७,५६८ | (२,६६७,५६८) | - | - | - |
| ग्राहक संरक्षण कोषको उपयोगीता | - | - | - | - | - | - | - | - | १९९,३६२ | - | - | १९९,३६२ |
| ग्राहक संरक्षण कोष लगानी प्रतिफल | - | - | - | - | - | - | - | (१,६४७,६९७) | १,६४७,६९७ | - | - | - |
| ग्राहक संरक्षण कोष | - | - | - | - | - | - | - | ५६०,२६४ | - | (५६०,२६४) | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | - | - | - | - | - | - | - | (१,०९८,४६५) | - | १,०९८,४६५ | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | - | - | १,७७५,३७१ | - | - | - | (१,७७५,३७१) | - | - | - | - |
| नियामक कोषमा जम्मा गरिएको | - | - | - | - | - | - | - | ४८१,६९९ | - | - | (४८१,६९९) | - |
| अन्य कोषमा रहेको जगेडा कोषमा सारिएको | - | - | - | ७५८,२३८ | - | - | - | (७५८,२३८) | - | - | - | - |
| एक्चुरियल नोक्सान नियमनकारी कोषमा जम्मा | १११,०४४,४२१ | २१,९६९,२९३ | - | २,५३३,६०९ | - | (७७,०००) | - | (३०,५८१,९३०) | (८२०,५०९) | ५३८,२०१ | (१,२३९,९३७) | १०३,३६६,१४८ |
| **आषाढ ३२, २०८२ को अन्त्यमा मौज्दात** | १,३४४,८७१,३२३ | २८८,७३३,१५१ | - | ७,५१६,६३३ | - | (५६३,०८०) | - | ९०,३४०,०२० | ५,१५९,७९७ | ७,१७३,१७१ | (६३४,१७९) | १,७४२,५९६,८३६ |

अघिल्लो पृष्ठको बाँकी अंश

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मुल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८२ सालको मौज्दात** | **१,३४४,८७१,३२३** | **२८८,७३३,१५१** | **-** | **७,५१६,६३३** | **-** | **(५६३,०८०)** | **-** | **९०,३४०,०२०** | **५,१५९,७९७** | **७,१७३,१७१** | **(६३४,१७९)** | **१,७४२,५९६,८३६** |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **समायोजन पछिको मौज्दात** | **१,३४४,८७१,३२३** | **२८८,७३३,१५१** | **-** | **७,५१६,६३३** | **-** | **(५६३,०८०)** | **-** | **९०,३४०,०२०** | **५,१५९,७९७** | **७,१७३,१७१** | **(६३४,१७९)** | **१,७४२,५९६,८३६** |
| **यस वर्षको मुनाफा** | - | - | - | - | - | - | - | २१४,७२५,९७३ | - | - | - | २१४,७२५,९७३ |
| यस वर्षको विस्तृत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भए | - | - | - | - | - | (१६,९५३,८००) | - | - | - | - | - | (१६,९५३,८००) |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/ (नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | (३३,३८५) | (३३,३८५) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको | - | - | - | - | - | - | - | - | - | - | - | - |
| स्थगन कर आम्दानी/(नोक्सानी) | - | - | - | - | - | ५,०८६,१४० | - | - | - | - | १०,०१६ | ५,०९६,१५६ |
| यस वर्षको विस्तृत आम्दानी | - | **-** | **-** | **-** | **-** | **(११,८६७,६६०)** | **-** | **२१४,७२५,९७३** | **-** | **-** | **(२३,३६९)** | **२०२,८३४,९४४** |
| यस वर्ष कोषमा सारिएको रकम | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | |
| शेयर निष्कासन | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | - |
| शेयरमा आधारित भुक्तानीहरु | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | |
| **शेयरधनीलाई लाभांश** | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | |
| बोनस शेयर | - | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | - |
| नगद लाभांश | - | **-** | **-** | **-** | **-** | **-** | **-** | (८७,४१६,६३६) | **-** | **-** | **-** | (८७,४१६,६३६) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | ४२,९४५,१९५ | - | - | - | - | - | (४२,९४५,१९५) | - | - | - | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ग्राहक संरक्षण कोषको उपयोगीता | - | - | - | - | - | - | - | १,४६२,४७५ | (१,४६२,४७५) | - | - | - |
| ग्राहक संरक्षण कोष लगानी प्रतिफल | - | - | - | - | - | - | - | - | ११५,३७५ | - | - | ११५,३७५ |
| ग्राहक संरक्षण कोषमा सारिएको | - | - | - | - | - | - | - | (४,२९४,५१९) | ४,२९४,५१९ | - | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | - | - | - | - | - | - | - | १,४४३,८३६ | - | (१,४४३,८३६) | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | - | - | - | - | - | - | (२,१४७,२६०) | - | २,१४७,२६० | - | - |
| नियामक कोषमा जम्मा गरिएको | - | - | - | (६९९,५०८) | - | - | - | ६९९,५०८ | - | - | - | - |
| अन्य कोषमा रहेको जगेडा कोषमा सारिएको | - | - | - | ५,२९४,३३० | - | - | - | (५,२९४,३३०) | - | - | - | - |
| लगानीमा गरिएको व्यवस्था नियमनकारी कोषमा सारिएको | - | - | - | ११,८६७,६६० | - | - | - | (११,८६७,६६०) | - | - | - | - |
| एक्चुरियल नोक्सान नियमनकारी कोषमा जम्मा | - | - | - | २३,३७० | - | - | - | (२३,३७०) | - | - | - | - |
| **आषाढ ३२, २०८३ को अन्त्यमा मौज्दात** | **१,३४४,८७१,३२३** | **३३१,६७८,३४६** | **-** | **२४,००२,४८५** | **-** | **(२४,२९८,४००)** | **-** | **३६९,४०८,८१५** | **८,१०७,२१६** | **७,८७६,५९५** | **(६८०,९१७)** | **१,८५८,१३०,५१९** |

## लेखा परीक्षकको मन्तव्य

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लिमिटेडको २०८३ आषाढ ३२ गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ ।

अरुण राउत, एफ.सि.ए.
पार्टनर
एस.आर. पाण्डे एण्ड कम्पनी,
चार्टड एकाउन्टेन्टस्
काठमाण्डौ
*यूडिन नं :*